# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ २०८० साल वैशाख ११ गते

## भागः २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः

दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ (संशोधन सहित) को दफा २९ को प्रयोजनका लागि राष्ट्रले अंगालेको संघीयताको नीति अनुसार स्थानीय स्तरमा विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापन गर्न अभिभावकहरूको सहभागितामा विद्यालय व्यवस्थापन समिति गठन गर्ने कार्यलाई सरल, पारदर्शि र व्यवस्थित गर्न वाञ्छनिय भएकाले दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ (संशोधन सहित) को नियम ११७ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१ : संक्षिप्त नाम र प्रारम्भ.**

(१) यो कार्यविधिको नाम विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि दुल्लू नगरपालिकाका सबै विद्यालयहरुमा लागू हुनेछ ।

(३) यो कार्यविधि नगर दुल्लू नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२:परिभाषा .** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "**सामुदायिक विद्यालय**" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ख) "**व्यवस्थापन समिति**" भन्नाले दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा २९ बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ग) "**सहयोग समिति**" भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(घ) "**अभिभावक**" भन्नाले यस कार्यविधिको नियम ५ बमोजिम परिभाषित गरिएको व्यक्ति सम्झनुपर्छ।

(ङ) "**चन्दादाता**" भन्नाले सामुदायिक विद्यालयलाई दश लाखभन्दा बढी नगद वा जिन्सी सहयोग उपलब्ध गराउने व्यक्ति वा अभिभावकलाई सम्झनुपर्छ ।

(च) "**संस्थापक**" भन्नाले विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा शुरुदेखि निरन्तर उल्लेख्य सहयोग पुऱ्याउने वा सो को अगुवाई गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(छ) "**शिक्षाप्रेमीबुद्धिजिबी/**" भन्नाले शिक्षाप्रति सकारात्मक सोच भएका, सामाजिक विकास एवं शैक्षिक चेतना अभिबृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले टेवा पुऱ्याउने व्यक्ति सम्झनुपर्छ ।

(ज) "**शैक्षिक सत्र**" भन्नाले विद्यालयमा पठन पाठन गर्ने हरेक वर्षको बैशाख एक देखि चैत्र मसान्तसम्मको अवधिलाई सम्झनुपर्छ ।

(झ) "**संयोजक**" भन्नाले नियम ३ बमोजिम गठित समितिको संयोजकलाई सम्झनुपर्छ ।

(ञ) "**शिक्षा ऐन**" भन्नाले दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ लाई सम्झनुपर्छ ।

(ट) "**कार्यविधि**" भन्नाले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि,२०८० सम्झनुपर्छ ।

(ठ) "**लाभको पद**" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

(ड) "**धार्मिकपरम्परागत विद्यालय/**" भन्नाले गुरूकुलविहार तथा मदरसाजस्ता परम्परागत /गोन्पा ,आश्रम/ शिक्षा प्रदान गर्न सामुदायिक वा शैक्षिक गुठीको रूपमा अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका शिक्षाण संस्थालाई सम्झनुपर्छ ।

(ढ) "**सञ्चालक समिति**" भन्नाले यस कार्यविधिको दफा ३७ बमोजिमक गठन हुने समितिलाई (१) सम्झनुपर्छ ।

(ण) "**संरक्षण समिति**" भन्नाले यस कार्यविधिको दफा ३७ बमोजिम गठन हुने (२) समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## छनौट सहयोग समितिको गठन

### ३. सहयोग समितिको गठन

(१) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको छनौट गर्ने सम्बन्धमा अभिभावकहरुलाई सहयोग गर्नका लागि देहायबमोजिमको सहयोग समिति गठन हुनेछः

(क) शिक्षा अधिकृत -संयोजक

(ख) छिमेकी विद्यालयको प्रधानाध्यापक सदस्य-

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) उपनियम (४) बमोजिमको समिति गठन गर्दा शिक्षा अधिकृत उपलब्ध नभएमा नगरपालिकाले खटाएको शिक्षा हेर्ने कर्मचारीको संयोजकत्वमा समिति गठन गरिने छ ।

(३) उपनियम (१) मा उल्लेखित समितिलाई अन्य कर्मचारी र स्वयमसेवकको आवश्यकता परेमा सहयोग समितिले आवश्यकता अनुसार शिक्षक तथा कर्मचारीलाई काममा लगाउन सक्नेछ ।

(४) यसरी कामको जिम्मेवारी तोकिएका कर्मचारीलाई काजमा खटाई सहयोग गर्नु सम्बन्धित कार्यालय तथा विद्यालयको कर्तव्य हुनेछ ।

(५) छनौट समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ ।

**४ .सहयोग समितिको काम, कर्तव्य र अधिकार :**

(१) अभिभावक भेला बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

(२) वि.व्य.स. गठनमा सहयोग गर्ने प्रयोजनका लागि कर्मचारी तथा स्वयम् सेवकहरुलाई छनौट तथा प्रबोधीकरण गर्ने,

(३) अभिभावक भेलाबाट सम्भव भएसम्म निर्विरोध छनौटका लागि पहल गर्ने,

## परिच्छेद -३

## अभिभावकको परिभाषा र नामावली

**५अभिभावकको परिभाषा र नामावली सम्बन्धी व्यवस्थाः .**

(१) विद्यालयले विद्यार्थीका एकाघरका बाबु, आमा, बाजे, बज्यै वा विद्यार्थीको पालनपोषण गर्ने र पठन पाठनको व्यवस्था मिलाउने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्ने छ । तर विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै मात्र अभिभावक मानिनेछ । विवाहित छात्राको हकमा छात्राको पति, सासु, ससुरा, बाबु वा आमा मात्र अभिभावक मानिने छ । यदि विद्यार्थीको उपरोक्त बमोजिमको नाता पर्ने व्यक्ति नभए निजलाई पालन पोषण र संरक्षण गर्ने संरक्षक अभिभावक भनी वडाले सिफारिश गरी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति अभिभावक बन्न सक्ने छ ।

(२) प्रधानाध्यापकले अभिभावकको नामावली अनुसूची बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ । १ -

(३) उपनियम (१ (र (२) बमोजिम विद्यार्थीको अभिभावकको नामावली अद्यावधिक र प्रमाणित प्रधानाध्यापकले शैक्षिक सत्र शुरु भएको ३० दिनभित्र गरी सोको अभिलेख राख्नुपर्ने छ ।

(४) प्रधानाध्यापकले उपनियम बमोजिम शैक्षिक सत्रको शुरूमा अभिभावकको नामावली अद्यावधिक (१) गर्दा सात दिनको सूचना दिई अभिभावकको नामावली हेरफेर गर्न वा सच्याउन अवसर प्रदान गर्नु पर्नेछ । यसरी सूचनामा तोकीएको मितिभित्र् सप्रमाण अभिभावकको नामावली सच्याउन निवेदन परेमा प्रधानाध्यापकले फरक परेको नाम सच्याउन सक्नेछ । एक शैक्षिक सत्रको लागि यसै नामावलीलाई आधिकारिक मान्नु पर्नेछ । यसपछि थपघट गर्न वा सच्याउन सकिने छैन । तर विद्यालयले विवाह, कर्मचारीको सरुवा, बसाइसराइ वा अन्य कुनै कारणले कुनै विद्यार्थी स्थानान्तरण भएर आए वा विद्यालयबाट गए प्रमाणसहित अभिभावकको नामावली शैक्षिक सत्रको बीचमा समेत अद्यावधिक गर्न सक्ने छ ।

(५) एकै अभिभावकको एक भन्दा बढी बालबालिका विद्यालयमा अध्ययनरत भएमा उक्त अभिभावकले मत प्रकट गर्ने अवस्थामा एक मत मात्र प्रकट गर्न पाउनेछ ।

(६) विद्यालयमा भर्ना भई बीचैमा विद्यालय छाडेमा उक्त अभिभावकको नाम अभिभावकको नामावलीबाट हटाइनेछ ।

## परिच्छेद -४

## व्यवस्थापन समितिको सदस्यको छनौट समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

**६. व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य छनौट सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्यहरू छनौट गर्ने प्रयोजनका लागि शैक्षिक सत्र शुरू भएको ३० दिन भित्र कम्तीमा सात दिनको सूचना दिई प्रधानाध्यापकले अभिभावकको भेला बोलाउनुपर्नेछ । तर निर्धारित पदावधि समाप्त भएको कारण अध्यक्ष वा सदस्यको छनौट गर्ने प्रयोजनका लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनु भन्दा ३० दिन अगावै र अन्य अवस्थामा अध्यक्ष र सदस्य पद रिक्त भएमा पदपूर्ति गर्नको लागि त्यसरी रिक्त भएको १५ दिन भित्र अभिभावक भेला गराउनु पर्नेछ ।

(२) उपनियम बमोजिम अभिभावक भेला बोलाउने मिति तय गर्दा विद्यालय व्यवसथापन समिति (१) सहयोग समितिको संयोजक र सदस्यहरूसँग राय लिई मिति तय गर्नुपर्ने छ ।

(३) सहयोग समितिले उपनियम (१) र (२) बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि शैक्षिक सत्र शुरु भएको तीस दिनभित्र कम्तीमा सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

(४) तर निर्धारित पदावधि समाप्त भएको कारण अध्यक्ष वा सदस्य छनौट गर्ने प्रयोजनको लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै र अन्य अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएमा पदपूर्ति गर्नको लागि त्यसरी रिक्त भएको पन्ध्र दिनभित्र अभिभावकहरूको भेला गराउनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम अभिभावकलाई भेला गराउनु सात दिन अघि प्रधानाध्यापकले अनुसूची -१ बमोजिमको ढाँचामा अभिभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नु पर्नेछ ।

(६) उपनियम (५) अनुसार प्रकाशित अभिभावकको नामावलीमा नाम, थर, ठेगाना फरक परेमा अभिभावक भेलाको कम्तीमा ५ दिन अघि नामावली सच्याउनको लागि सम्बन्धित अभिभावकले प्रमाण सहित विद्यालयमा निवेदन दिनु पर्नेछ ।

(७) उपनियम (६) अनुसार कुनै अभिभावकको विवरण सच्याउनु पर्ने भएमा सोको संशोधन सहित अन्तिम नामावली अभिभावक भेलाको दिनभन्दा ३ दिन अगावै प्रकाशित गर्नुपर्नेछ ।

(८) उपनियम (७) बमोजिम प्रकाशित नामावलीमा नाम समावेश भएको अभिभावकको नामावलीको विरोध गरी अर्को कुनै अभिभावकले उजुर गर्न चाहेमा अभिभावक भेलाको २ दिन अगावै तोकिएको मिति, समय र स्थानमा अनुसूची -२ बमोजिम उजुरी सहयोग समिति समक्ष दिन सक्नेछ ।

(९) प्रधानाध्यापकले उपनियम (१०) बमोजिमको उजुरी अध्ययन गरी अभिभावकको नामावली संसोधन गर्नु पर्ने भए संसोधन गरी निर्वाचन कार्यक्रममा तोकिएको समयमा अन्तिम नामावली प्रकाशित गर्नु पर्नेछ ।

**७ःअभिभावक राख्न नहुने .** यस कार्यविधिको नियम ५ बाहेकको अभिभावक विद्यालयमा अभिभावकको नामावलीमा समावेश गरिनु हुंदैन ।

**९ .गणपुरक संख्या ः**

(१) सम्पूर्ण अभिभावक मध्ये ५० प्रतिशत अभिभावकको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ ।

(२) कुनै अभिभावकले सूचना पाइन वा मिलेन भनेको वा कुनै अभिभावकको अनुपस्थिति भएका आधारमा मात्र भेला रोकिने वा स्थगित वा बदर हुने छैन ।

**१० .भेलाको अध्यक्षता :**

(१) विद्यालय व्यवस्थापन समितिको निर्धारित पदावधि समाप्त हुनुपूर्व बोलाइएको भेलाको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(२) उपनियम १ बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्धारित पदावधि समाप्त भईसकेको र शिक्षक अभिभावक संघको निर्धारित पदावधि कायम रहेको अवस्थामा शिक्षक अभिभावक संघको अध्यक्षले भेलाको अध्यक्षता गर्नेछ ।

(३) उपनियम १ र २ बमोजिमको अवस्था नरहेको अवस्थामा ज्येष्ठ अभिभावकले भेलाको अध्यक्षता गर्नेछ ।

## परिच्छेद ६
## सदस्य छनौट सम्बन्धी व्यवस्था

**११ उम्मेदवारको.योग्यता** :देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैनः

(क) अभिभावकको नामावलीमा नाम नभएको, (अभिभावकहरु मध्येबाट आउने ४ जनाको हकमा)

(ख) गैर नेपाली नागरिक,

(ग) २१ वर्ष उमेर पूरा नभएको,

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(ङ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(च) लाभको पद धारण गरेको ,

(छ) सम्बन्धित विद्यालयका शिक्षक प्रतिनिधि बाहेक अन्य सामुदायिक वा संस्थागत विद्यालयका शिक्षक वा कर्मचारी साथै बहालवाला राष्ट्रसेवक कर्मचारीको रुपमा रहेको,

(ज) विद्यार्थी विद्यालयमा भर्ना भएको तर उसको हाजिरी विको भेला राखेको मितिसम्म उक्त .स.व्य. शैक्षिक सत्रमा विद्यालयमा पठनपाठन भएको दिनको ७० प्रतिशत भन्दा कम उपस्थित भएको विद्यार्थी अभिभावक अध्यक्ष र भेलाबाट छनौट हुने सदस्यको उमेदवार हुन सक्ने छैनन् ।

(झ) कुनै सरकारी निकाय, संघ संस्थाको बेरुजु वा पेश्की बेरूजु फछ्यौंट गर्न बाँकी रहेको,

(ञ) प्राथमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि सामान्य लेखपढ गर्न नजान्ने, निम्नमाध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा कक्षा आठ उत्तीर्ण नगरेको र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा एस एल सी वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको ।

*तर निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्ष हुन सक्नेछ ।*

**१२ .छनौट कार्यक्रम प्रकाशन**) : १ (सहयोग समितिले विद्यालय व्यवस्थापन समितिको सदस्य पदको लागि छनौट मिति र समय घोषणा गरे पश्चात समितिका सदस्यहरुको समन्वयमा अनुसूची —३ को ढाँचामा देहाय बमोजिमका सदस्य छनौट कार्यक्रम प्रकाशन गर्नु पर्नेछ :–

(क) उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने,
(ख) मनोनयन पत्र दर्ता भएका उम्मेदवारहरूको सूची प्रकाशन गर्ने,
(ग) उम्मेदवारको विरोधमा उजुरी दिने,
(घ) मनोनयन पत्रको जाँच गर्ने र उजुरी उपर निर्णय गर्ने,
(ङ) उम्मेदवारको नामावली प्रकाशन गर्ने,
(च) उम्मेदवारले नाम फिर्ता लिने,
(छ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने,
(ज) सहमतिका लागि समय निर्धारण गर्ने ।

**१३. मनोनयन दर्ताः**

(१) उमेदवार हुन योग्यता पुगेको कुनै पनि व्यक्तिले विद्यालय व्यवस्थापन समितिको सदस्यमा मनोनयन दर्ता गर्न सक्नेछ । मनोनयनको निवेदन अनुसूची ४ - मा उल्लिखित फारमको ढाँचामा हुनुपर्ने छ ।

(२) उपनियम १ बमोजिम मनोनयन दर्ता गराउन एक जना प्रस्तावक र अर्को एक जना समर्थक हुनुपर्ने छ । प्रस्तावक र समर्थक अभिभावकको सूचीमा नाम दर्ता भएको व्यक्ति हुनुपर्ने छ ।

(३) मनोनयन उमेदवार आफैले सहयोग समितिमा दर्ता गराउनुपर्ने छ ।

**१४. धरौटी राख्नुपर्ने :**

(१) नियम (१२) बमोजिम उम्मेद्वारले मनोनयनपत्र दाखिला गर्दा तहगत रुपमा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालयमा क्रमश१ :५००, २००० र २५०० रुपैयाँ रकम धरौटी राखु पर्नेछ। धरौटी वापतको रकम विद्यालयमा रसिद काटी जम्मा गर्नु पर्ने वा विद्यालयको नाममा रहेको बैंक खातामा जम्मा गरी बैंक भौचर मनोनयनपत्र साथ पेश गर्नु पर्नेछ।

(२) विद्यालय व्यवस्थापन समितिको सदस्य पदको उम्मेदवार हुनको लागि यसरी राखिएको धरौटी रकम फिर्ता हुने छैन ।

**१५ मनोनयनपत्र .दर्ता गर्नुभन्दा पहिले जाँच गर्नेः**

(१) छनौट समितिका संयोजकले आफू समक्ष दर्ताको लागि प्राप्त भएको मनोनयनपत्र दर्ता गर्नु भन्दा पहिले देहायको आधारमा मनोनयन पत्रको जाँच गर्नुपर्नेछ ।

(क) मनोनयनपत्रमा मनोनित उम्मेदवार,प्रस्तावक र समर्थक अभिभावकको सुचीमा सुचिकृत हुनुपर्नेछ।
(ख) मनोनयन पत्रमा मनोनित उम्मेदवार प्रस्तावक समर्थकको दस्तखत हुनुपर्नेछ ।
(ग) दर्ता शुल्क राखेको नगदी रसिद वा बैंक भौचर संलग्न हुनुपर्नेछ।
(घ) अनुसूची १ बमोजिको ढाँचामा अभिभावकको नामावलीमा नाम समावेश भएको हुनुपर्नेछ ।
(ङ) नियम ११ बमोजिम योग्यता पुगेको व्यक्ति हुनुपर्नेछ ।
(च) प्रस्तावक वा समर्थक दोहोरिएको हुनुहुँदैन ।
(छ) मनोनित उम्मेदवार स्वयं अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुनुहुदैन ।

(२) संयोजकले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा नियम १५ बमोजिम दर्ता भएका सवै मनोनयनपत्र जाँच गर्दा सवै उम्मेदवार वा निजको प्रस्तावक वा समर्थक को उपस्थितिमा जाँच गर्नुपर्नेछ र जाँच गर्दा कानुन बमोजिम रीत पुगेका मनोनयन पत्र स्वीकृत गर्नुपर्नेछ।

(३) मनोनयनपत्र जाँच गर्दा तोकिएको समयमा माथि उल्लेख भए बमोजिम उपस्थित रहनुपर्ने व्यक्ति उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्ने काम रोकिने छैन ।

(४) मनोनित उम्मेदवारको मनोनयनपत्र जाँच गरिसकेपछि नियमानुसार भएको मनोनयनपत्र अनुसुची — ५ बमोजिम ढाँचामा सोही दिन दर्ता गर्नुपर्नेछ ।

**१६ .उम्मेदवारको सूची प्रकाशित गर्ने**सहयोग समितिले (१) : मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि नियम १५ बमोजिम मनोनयन दर्ता भएका सबै उम्मेदवारहरुको नामावली अनुसूची —६ बमोजिम प्रकाशित गर्नुपर्नेछ ।

**१७ .उम्मेदवारको विरोधमा उजुरी दिन सकिने :**

(१) नियम (१६) बमोजिम प्रकाशित सूचीमा उल्लिखित मनोनित उम्मेदवारको विरोधमा सोही पदको अर्को उम्मेदवारले उजुरी गर्न चाहेमा अनुसूची —७ बमोजिमको उजुरी निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा धरौटी रूको रशिद सहित समिति -/५०० . समक्ष दिन सक्नेछ ।

(२) निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित उजुरी दिने म्याद समाप्त भएपछि समितिले उजुरीको व्यहोरा समेत उल्लेख गरिएको अनुसूची —७ बमोजिमको उजुरीको सूची सम्बन्धित विद्यालयमा टाँस गर्नुपर्नेछ ।

**१८ .विपक्षीलाई सफाई पेश गर्ने मौका दिने:** नियम १७ बमोजिम उजुरी दर्ता भएमा विपक्षीलाई आफ्नो सम्बन्धमा सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ ।

**१९ .उजुरीको निर्णय गर्ने:** कुनै मनोनित उम्मेदवारको योग्यता वा मनोनयनपत्रको रीत नपुगेको सम्बन्धमा नियम १७ बमोजिम कुनै उजुरी दर्ता भएको रहेछ भने संयोजकले नियम १५ बमोजिम मनोनयनपत्रको जाँच गर्दा सो उजुरीको सम्बन्धमा पनि आवश्यक जाँचबुझ गरी सो उजुरी उपर निर्णय गर्नुपर्नेछ।

**२० .मनोनयनपत्र वदर गर्ने:** संयोजकले नियम २० बमोजिम निर्णय लिँदा वा नियम १५ बमोजिम मनोनयनपत्रको जाँच गर्दा देहाय बमोजिमको अवस्थाको मनोनयन पत्र वदर गर्नुपर्नेछ।

(क (नियम ११ बमोजिम उम्मेदवारको योग्यता नपुगेको अवस्थामा,

(ख नियम (१४ बमोजिम धरौटी रकम नबुझाएमा,

(ग (उम्मेदवारको प्रस्तावक वा समर्थकको सही नभएमा,

(घउम्मेदवार (,प्रस्तावक वा समर्थकको नाम अभिभावकको सुचीमा नभएमा,

(ङमनोनयन गरिएको उम्मेदवारको स्वीकृती र सही नभएमा (,

(चकान (ून बमोजिम नभएमा ।

तर सानोतिनो भुलचुकमा मनोनयनपत्र वदर गरिने छैन ।

**२१ .उम्मेदवारको नामावली प्रकाशन गर्ने:** संयोजकले सबै मनोनयनपत्रहरु जाँच गरीसकेपछि कानुनबमोजिम रीत पुगेको उम्मेदवारको अन्तिम नामावली अनुसूची —९ बमोजिम तयार गरी प्रकाशित गर्नुपर्नेछ ।

**२२ .उम्मेदवारले नाम फिर्ता लिन सक्ने** नियम (१) :२१ बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएपछि सो नामावलीमा उल्लेख भएको उम्मेदवारले आफू उम्मेदवार हुन नचाहेमा तोकिएको समयभित्र नामावलीबाट आफ्नो नाम फिर्ता लिन अनुसूची —१० बमोजिमको ढाँचामा निवेदन दिई नाम फिर्ता लिन सक्नेछ।

(२ यसरी नाम फिर्ता लिएको सूचना (सहयोग समितिले अनुसूची —११ को ढाँचामा टाँस गर्नुपर्नेछ ।

**२३ .उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेः** उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि नियम २२ बमोजिम कायम रहेका उम्मेदवारहरुको अन्तिम नामावली अनुसूची —१२ बमोजिमको ढाँचामा प्रकाशित गर्नुपर्ने छ ।

**२४ :सहमति गर्ने .**

(१) सहयोग समितिले अभिभावकहरुको अन्तिम नामावली प्रकाशन गरेपश्चात् आपसी सहमतिमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रक्रियालाई प्राथमिकता दिनुपर्नेछ ।

(२) उपनियम १ बमोजिम सहमतिका लागि सहयोग समितिले भेलामा उपस्थित भएका अभिभावकहरू उमेदवारहरूलाई बढीमा १ घण्टाको समय उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम २ बमोजिम अभिभावकहरूबीचमा सहमति हुन नसकी विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा सोही दिन सहयोग समितिले नगर प्रमुख समक्ष विद्यालय व्यवस्थापन समिति गठन गर्नका लागि लेखि पठाउनु पर्नेछ ।

(४) उपनियम ३ बमोजिम सहयोग समितिले लेखि पठाएको ३ दिन भित्र नगर प्रमुखले विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

**२५ .निर्बिरोध छनौट** (१) :उम्मेदवारको संख्या र छनौट हुने पदको संख्या बढी नभएको अवस्थामा सो मनोनयन पत्र कानून बमोजिम भएमा सदस्यहरु निर्बिरोध छनौट हुन सक्नेछन् ।

**२६ .निर्बिरोध छनौट भएको घोषणा गर्ने** (१) :नियम २५ बमोजिम उम्मेदवार निर्बिरोध छनौट भएमा संयोजकले अनुसूचि —१३ को ढाँचामा निर्बिरोध छनौट घोषणाको तीन प्रति तयार गर्न पर्नेछ र सो घोषणाको एकप्रति प्रकाशित गर्न पर्नेछ, एक प्रति छनौट भएका उम्मेदवारलाइ दिनु पर्नेछ र बाँकि एक प्रति विद्यालयमा अभिलेखको रुपमा राख्नु पर्नेछ ।

**२७ :प्रमाण पत्र दिने** .नियम २६ बमोजिम सहयोग समितिको संयोजकले निर्विरोध छनौटको घोषणा गरी सकेपछि छनौट भएका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई अनुसूचीबमोजिमको १४ - ढाँचामा विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा छनौट भएको प्रमाणपत्र दिनु पर्नेछ ।

**२८ :सपथ ग्रहण** .छनौट भएका सदस्यहरूले सहयोग समितिको संयोजक समक्ष अनुसूचबमोजिम १५ - शपथ ग्रहण गर्नुपर्नेछ ।

**२९ .विद्यालय व्यवस्थापन समितिलाई पूर्णता दिनेः** अभिभावक भेलाबाट छनौट (१) हुने पदाधिकारीहरु छनौट भईसकेपछी निजहरु र पदेन सदस्यको बैठक बसी मनोनयन गर्नुपर्ने पदाधिकारीहरु दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ले तोकेबमोजिमको सर्तको परिधिमा रही मनोनयन (संशोधन सहित) लाई पूर्णता दिनुपर्नेछ ।.स.व्य.गरी वि

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट र सदस्यहरू मनोनित गर्ने सन्दर्भमा शिक्षक प्रतिनिधि (२) र प्रधानाध्यापकले मत जाहेर गर्न पाउने छैनन ।

**३०**वर्षको हुनेछ । सदस्यले आफ्नो ३ छनौट भएका सदस्यको पदावधि सामान्यतया (१) **:पदावधि .** पद अनुसारको आचरण गरेको नदेखिएमा यसरी छान्ने अभिभावकले वा नगर प्रमुखले निजनिजहरूलाई / जुनसुकै बखत पदबाट हटाउन सक्नेछन् ।

महिनाभित्र पदावधि समाप्त भइसकेका सबै सामुदायिक ६ यो कार्यविधि जारी भएको मितिले (२) विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यको छनौट गरी सक्नु पर्नेछ ।

**३१पदको स .मासी** अध्यक्ष तथा सदस्यको पद देहायको अवस्थामा समाप्त हुनेछ । (१) :

क) राजीनामा दिएमा,
ख) मृत्यु भएमा ,
ग) कुनै फौजदारी अभियोगमा सजाय पाउने गरी अदालतबाट कसुरदार ठहरीएमा ,
घ) भ्रष्टाचार गरेको प्रमाणित भएमा,
ङ) लगातार ३ वटा भन्दा बढी बैठकमा बिना सूचना अनुपस्थित भएमा,
च) सोही वा अन्य विद्यालयको शिक्षक वा कर्मचारी पदमा नियुक्ति भई गएमा ,
छ) विद्यार्थीको अभिभावक नरहेमा,
ज) एसपरीक्षामा .ई.ई.परीक्षामा सहभागी हुने विद्यार्थीको अभिभावकको हकमा विद्यार्थी एस .ई.ई. यदी उक्त विद्यालयमा उच्च माध्यमिक तह सञ्चालित छ भने उच्च ,सहभागी भएपश्चात माध्यमिक तहको भर्ना अवधि समाप्त भएपछि,
झ) एसअनुत्तिर्णको हकमा नतिजा प्रकाशन पश्चात त्यस्ता अभिभावक व्यवस्थापन समितिमा .ई.ई. ,रहन नपाउने
ञ) एक शैक्षिक सत्रमा निजका विद्यार्थी विद्यालय सञ्चालन भएको दिनको ७० प्रतिशत दिन भन्दा कम दिन हाजिरी भएमा,
ट) उच्च माध्यमिक तहको विद्यार्थी कक्षा १२ को परीक्षामा सम्मिलित भइसकेपछि त्यस्ता विद्यार्थीका अभिभावक,
ठ) बाल विवाहअनमेल विवाह वा अन्य कुनै सामाजिक कुरीति वा अन्धविश्वास ,बहु विवाह , जस्ता कार्यहरू गरेमा वा घरेलु हिंसामा संलग्न भएमा ।

**३२:रिक्त पदपूर्ति सम्बन्धी व्यवस्था .**

कुनै वि (१)द्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको पदावधि सकिनु ६ महिना अगावै उक्त पद रिक्त भएमा जुन प्रक्रियाबाट छनौट भएको हो बाँकी अवधिसम्मका लागि सोही प्रक्रिया र क्षेत्रबाट छनौट गरिनेछ ।

**३३**दुल्लू नगरपालिक (१) **:शिक्षक प्रतिनिधि सम्बन्धी व्यवस्था .**ाको शिक्षा ऐन २९ को दफा २०७६ , खण्ड १ को उपदफा(गमा प्रतिनिधित्व गर्ने शिक्षक सम्बन्धित विद्यालयको शिक्षक .स.व्य.बमोजिम वि ( स्टाफको छनौट तथा सिफारिशमा हुनेछ ।

बमोजिमका सदस्यहरू मनोनित गर्नु अगावै ३२ बमोजिम छनौट गर्दा नियम (१) उपनियम (२) विद्यालयका प्रधानाध्यापकले शिक्षक स्टाफको बैठक बोलाई उक्त विषयलाई बैठकको एजेण्डको रूपमा राखेर सर्वसम्मत वा बहुमतको आधारमा सिफारिश गर्नु पर्नेछ ।

विद्यालय व्यवस्थापन समितिमा छनौट हुने शिक्षक प्राथमिक तहदेखि उच्च माध्यमिक तहसम्म (३) स्थायी शिक्षकहरूमध्येबाट छनौट गरिनेछ । यदिकुनै विद्यालयमा स्थायी शिक्षक नरहेको अवस्थामा क्रमश स्वीकृत दरबन्दीका शिक्षकशिक्षण अनुदान कोटामा ,राहत अनुदान कोटामा कार्यरत शिक्षक , कार्यरत शिक्षक वा निजी स्रोतबाट तलबभत्ता खाने गरी नियुक्त शिक्षकहरू मध्येबाट छनौट गर्न सकिनेछ ।

**३४. स्थानीय बुद्धिजिवी र चन्दादाता सम्बन्धी व्यवस्था :**

)१( विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा शुरू देखि निरन्तर सहयोग पुऱ्याउने वा सो को अगुवाई गर्ने संस्थापक तथा शिक्षाप्रति सकारात्मक सोच भएकासामाजिक विकास एवं शैक्षिक चेतना , उनेअभिवृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले टेवा पुऱ्यास्थानीय बुद्धिजिवीशिक्षाप्रेमीहरूमध्येबाट एक , जनालाई व्यवस्थापन समितिको सदस्य पदमा विद्यालय व्यवस्थापन समितिले मनोनित गर्नुपर्नेछ ।

बमोजिम विद्यालय स्थापना (घ) १ उपदफा २९ को दफा २०७६ ,दुल्लू नगरपालिकाको शिक्षा ऐन (२) घर वा जग्गा उपलब्ध गराउने ,कालदेखि हालसम्म विद्यालयलाई पचास हजार रूपैयाँ भन्दा बढी रकम चन्दादाताहरूमध्येबाट एक जनालाई व्यवस्थापन समितिको सदस्य पदमा विद्यालय व्यवस्थापन समितिले मनोनित गर्नुपर्नेछ ।

महिला अनिवार्य हुनेछ । १ बमोजिम मनोनित हुने सदस्यहरूमा २ र १ उपनियम (३)

**३५. उजुरी गर्न सक्ने :**

यस कार्यविधि अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका सम्बन्धमा (१) विद्यालयका वास्तविक अभिभावकहरूलाई चित्त नबुझेमा मनासिब कारण सहित छनौट भएको मितिले ३ दिन भित्र सम्बन्धित विद्यालयमा उजुरी दिन सक्नेछ र सो को बोधार्थ सम्बन्धित वडा कार्यालय र शिक्षा , युवा तथा खेलकुद शाखामा समेत दिनुपर्नेछ ।

यसरी रित पूर्वकको उजुरी तोकिएको समय भित्र विद्यालयमा प्राप्त भएमा (२)प्रधानाध्यापकले सहयोग समितिको बैठक बोलाई सो सम्बन्धमा सम्बन्धित पक्ष तथा आवश्यकतानुसार अन्य अभिभावकहरूलाई समेत बोलाई छानबिन एवम् अध्ययन गरी समाधान गर्नु पर्नेछ ।

) उपनियम (३)२बमोजिम विद्यालय व्यवस्थापन समितिले समाधान गर्न नसकेमा नगर कार्यपालिकाको ( कार्यालयले सो सम्बन्धमा यथार्थ बुझी वा बुझ्न लागाई नियमानुसार निर्णय गर्न सक्नेछ ।

## परिच्छेद ७
## विविध

**३६. समयोग समितिले आवश्यक कार्य गर्न सक्नेः**

विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिले पदाधिकारी छनौट प्रक्रिया सम्पन्न गर्नका (१) तथा यस कार्यविधिको भावनाको प्रतिकुल नहुने गरी अन्य २०७६ ,लागि दुल्लू नगरपालिकाको शिक्षा ऐन थप कार्यविधि तय एवं सल्लाह लिन, उपयुक्त आचार संहिता निर्माण गर्न तथा छनौट प्रक्रियालाई स्वच्छ , निष्पक्ष र मर्यादित ढंगले सम्पन्न गर्न आवश्यक कार्य गर्न सक्नेछ ।

**३७ःपरम्परागत विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धि विशेष व्यवस्था/धार्मिक .** यस कार्यविधिकमा विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा जुनसुकै कुरा लेखिएको भएतापनि धार्मिक परम्परागत विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया देहायबमोजिम हुनेछ ।/

वडा अध्यक्ष र प्रधानाध्यापकको समन्वयमा समावेशी सिद्धान्तको आधामा नगर : सञ्चालक समिति (१) सदस्यीय सञ्चालक समिति तोक्न सक्ने छ । ९ प्रमुखले

स्था : संरक्षण समिति (२)नीय बुद्दिजिविशिक्षाप्रेमीहरूमध्येबाट समावेशी सिद्वान्तको आधारमा ,समजसेवी , नगर प्रमुखले एक संरक्षण समिति गठन गर्न सक्नेछ ।

**३८. सबैको कर्तव्य हुने**यस कार्यविधिको पालना गर्नु दुल्लू नगरपालिकामा भित्र सञ्चालित सबै (१) : सामुदायिक विद्यालय तथा सरोकारवालाहरूकोकर्तव्य हुनेछ ।

**३९. बाधा अड्काउ फुकाउ**यस कार्यविधिले व्यवस्था गरेका कुनै प्रावधान कार्यान्वयन गर्न बाधा (१) : अड्काउ फुकाउनु परेमा दुल्लू नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आवश्यक परिपत्र वा निर्देशन दिन सक्नेछ ।**४०. कार्यविधिमा संशोधन** यस कार्यवि (१) :धिमा समायनुकूल संशोधन गर्नुपर्ने अवस्था आएमा दुल्लू नगरपालिकाले संशोधन गरी लागू गर्न सक्नेछ ।

**४१ .अनुसूचीमा हेरफेरः** नगर कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ ।
**४२.. बाझिएमा अमान्य हुने** : यस कार्यविधिमा लेखिएको कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म यस कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

४३ (१) **:बचाउ .**यस अघि भए गरेका कार्यहरू यसै कार्यविधि अनुसार भए सरह मानिनेछ ।

अनुसूची १

नियम)५ को उपनियम २ सँग सम्बन्धित(

अभिभावकको नामावली

श्री.......................................................................................................विद्यालय ..

दुल्लू नगरपालिका.............दैलेख

| क्र.सं. | विद्यार्थीको नाम | स्थायी ठेगाना | कक्षा | बाबुको नाम | आमाको नाम | अभिभावक | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने

प्रमाणित गर्ने

कक्षा शिक्षक

प्रधानाध्यापक

अनुसूची २

नियम)६ को उपनियम ८ सँग सम्बन्धित (

<u>अभिभावकको नाम हटाउन विरोध गरी दिने उजुरी दरखास्त</u>

श्री सहयोग समिति मितिः

श्री.....................................................विद्यालय,

दुल्लू नगरपालिका.............दैलेख ।

महोदय,

मिति.................................................मा प्रकाशित अभिभावकको नामावलीको क्र............. सं. का अभिभावक श्री...............................निम्न लिखित कारणले अभिभावक नरहेकाले निजलाई अभिभावकको सूचिबाट हटाई श्री .................................... लाई सो सूचिमा समावेश गर्न हुन अनुरोध छ ।

कारण :.........................................................................................

उजुरी दिनेको नाम :

सही :

ठेगानाः

अनुसूची ३

नियम) १२ को उपनियम १ सँग सम्बन्धित(

<u>सदस्य छनौट कार्यक्रमको सूचना</u>

श्री......................................................................................विद्यालय

दुल्लू.................दैलेख ।

दैलेख जिल्ला दुल्लू नगरपालिका वडा नं.........अन्तर्गत सञ्चालित श्री ..................................................................................................... ...विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्यहरुको छनौट प्रयोजनको लागि विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८० को नियम ........................... उपनियम.............................बमोजिमको सदस्य छनौट कार्यक्रमको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | कार्यक्रमहरु | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| 1 | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | | | | | | |
| 2 | मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशित गर्ने | | | | | | |
| 3 | उमेदवारको विरोधमा उजुरी दिन सकिने | | | | | | |
| 4 | मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गर्ने | | | | | | |
| 5 | उम्मेदवारको नामावली प्रकाशित गर्ने | | | | | | |
| 6 | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | | | | | | |
| 7 | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | | | | | | |
| 8 | उमेदवारहरूबीच सहमतिका लागि समय दिने | | | | | | |

संयोजकको सही :

मिति :

अनुसूची ४

नियम)१३ को उपनियम १ सँग सम्बन्धित (

उम्मेदवारको मनोनयन पत्र

श्री संयोजक ज्यू
सहयोग समिति
श्री.................................................विद्यालय .
दुल्लू नगरपालिका.........दैलेख

महोदय,

श्री ..........................................................विद्यालय दुल्लू नगरपालिका दैलेखको विद्यालय व्यवस्थापन समितिको सदस्य महिला सदस्य / पदमा छनौट हुनका लागि श्री.........................लाई म प्रस्ताव गरी उम्मेदवार ....... मनोनयन गर्दछु । निजको विवरण तपसिल बमोजिम छ ।

१. नाम थरः- ३. लिङ्गः-
२. उमेर -: ४. स्थायी ठेगाना -:
५. विद्यालयमा अध्ययनरत विद्यार्थीको नामः ६. कक्षाः
७. विद्यार्थी संगको नाता : ८. अभिभावक नामावलीमा क्र.सं.

प्रस्तावकको नाम :
स्थायी ठेगानाः
अभिभावक नामावलीमा क्र.सं.
सही :
मितिः

प्रस्तावक श्री..................................................................................ले माथि उल्लेख गरे बमोजिम श्री...........................................विद्यालय.......................को............पदको निर्वाचनको लागि..........................लाई . उम्मेदवार मनोनयन गर्नुभएको प्रस्तावको मसमर्थन गर्दछु ।

समर्थकको नाम :
स्थायी ठेगानाः
अभिभावक नामावलीमा क्र.सं.
सहीः
मिति :

)मनोनित उम्मेदवारले भर्ने(

मलाई श्री.........................................ले सो प्रस्तावको समर्थन गरी विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि २०८० बमोजिम श्री.......................................................विद्यालय............................को वि .स.व्य. महिला सदस्य पद /सदस्यमा छनौट हुनका लागि उम्मेदवार हुन मञ्जुर छु।

(क)दुल्लू नगरपालिकाको शिक्षा ऐन २०७६ सं)शोधन सहित (र प्रचलित ऐन नियमावली ,प्रति पूर्ण निष्ठावान रहनेछु ।

(ख)दुल्लू नगरपालिकाको शिक्षा ऐन,नियम एवं विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि २०८० र प्रचलित कानून बमोजिम.................. पदको उम्मेदवार हुन मेरो योग्यता पुगेको छः

यो मनोनयनपत्र साथ निम्न लिखित कागजातहरु संलग्न गरेको छ । (ग)

१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि .थान १

२ शैक्षिक योग्यताको .प्रमाण पत्रको प्रतिलिपि थान....................

३नियम ...................बमोजिमको रकम धरौटी राखेको बैंक भौचर वा नगदी रसिद थान १

उम्मेद्वारको सहीः

मितिः

मोवाइल नं.:

<u>(संयोजक वा सहयोग समितिले भर्ने(</u>

यो मनोनयनपत्र मिति..........................को दिन ............. वजे मनोनित उम्मेदवारसमर्थक / प्रस्तावक / श्री..........................ले मेरो समक्ष दाखिल गरेको हो ।.

सही :

नाम :

मिति :

अनुसूची ५
नियम) १८ को उपनियम २ सँग सम्बन्धित(
श्री.................................................................................विद्यालय .दुल्लू नगरपालिका.....दैलेख

## मनोनयनपत्र दर्ताको ढाँचा

| मनोनयन पत्रको दर्ता नं. | मनोनित उम्मेदवारको विवरण | | | प्रस्तावकको विवरण | | | समर्थकको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नामथर | ठेगाना | अभिभावक क्र.स. | नामथर | ठेगाना | अभिभावक क्र.स. | नामथर | ठेगाना | अभिभावक क्र.स. |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

विद्यालयको छापः

प्रमाणित गर्नेको सही :

नाम :

मिति :

अनुसूची ६

नियम)१६ को उपनियम १ सँग सम्बन्धित (

<u>मनोनित उम्मेदवारको सूची प्रकाशन</u>

यस श्री.............................................................विद्यालय दुल्लू नगरपालिका..............................दैलेखको विद्यालय व्यवस्थापन समितिको सदस्य/महिला सदस्य पदमा छनौट हुने प्रयोजनको लागि देहायको व्यक्तिको मनोनयनपत्र यस विद्यालयमा दर्ता भएकोले विसदस्य छनौट सम्बन्धी कार्यविधि .स.व्य., २०८० नियम १६ वमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

| क . स. | मनोनयनपत्र दर्ता नं. | पद | उम्मेदवारको नामथर वर्णानुक्रमानुसार | स्थायी ठेगाना | पिता वा पतिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सहयोग समितिको सही :

मिति :

अनुसूची ७

नियम)१७ को उपनियम १ सँग सम्बन्धित(

<u>उम्मेदवारको विरोधमा दिईने उजुरी</u>

श्री संयोजक ज्यू

सहयोग समिति

श्री..........................................विद्यालय.........................दैलेख

महोदय,

श्री............................................................विद्यालय...................दैलेखको विद्यालय व्यवस्थापन समितिको सदस्य / महिला सदस्यको पदमा उम्मेदवार हुनको लागि दर्ता नंमा मनोनयन पत्र दर्ता भएका ........ श्री...........................निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको मनोनयनपत्र खारेज गरी पाउन यो उजुरी दाखिला गरेको छु ।

उजुरीको कारणः.......................................................................................................................

उजुरी दिनेको नाम : ठेगाना :

सही : मिति : समय :

<u>निर्णय</u>

मैले वि अध्यक्ष र सदस्य छनौट सम्बन्धी कार्यविधि .स.व्य.२०८० बमोजिम यो उजुरी उपर जाँच गरेर निम्नलिखित बमोजिम निर्णय गरें ।

<u>निर्णयको संक्षिप्त व्यहोरा</u>

..........................................................................................................................................................................

..........................................................................................................

नाम :

मितिः

समयः

सही:

अनुसूची ८

नियम)१७ को उपनियम २ सँग सम्बन्धित(

उम्मेदवारको विरोध सम्बन्धी उजुरीको सूचना

श्री..........................................................................विद्यालय ...................................दैलेखको वि/ सदस्य .स.व्य.महिला सदस्य पदमा छनौट हुनको लागि निम्नलिखित उम्मेदवारको विरोधमा देहायवमोजिम उजुरी परेकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| उजुरी दर्ता नं. | उजुरीकर्ता उम्मेदवारको विवरण | | विपक्षी उम्मेदवारको विवरण | | उजुरीको व्यहोरा |
|---|---|---|---|---|---|
| | नाम थर | ठेगाना | नाम थर | ठेगाना | |
| | | | | | |
| | | | | | |

सहयोग समितिको सही :

नाम : मिति :

स्थान : समय :

अनुसूची ९

नियम)२१ सँग सम्बन्धित(

<u>उम्मेदवारको नामावली प्रकाशन</u>

श्री.........................................................विद्यालय.............................दैलेखको विद्यालय व्यवस्थापन समितिको सदस्य / महिला सदस्य पदको उम्मेदवार हुनको लागि दर्ता भएका मनोनयनपत्रहरुको जाँच गर्दा कानून बमोजिम कायम रहेको उम्मेदवारको नामावली विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि २०८० को नियम २१ बमोजिम प्रकाशित गरिएको छ।

| क्र.सं. | मनोनयनपत्र दर्ता नं. | पद | उम्मेदवारको नामथर वर्णानुक्रमानुसार | स्थायी ठेगाना | पिता वा पतिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

संयोजकको सही :

मितिः

अनुसुची १०

नियम)२२ को उपनियम १ सँग सम्बन्धित(

उम्मेदवारले नाम फिर्ता लिएको सूचना

श्री संयोजक ज्यू

सहयोग समिति

..............................................................दैलेख ।

महोदय,

श्री ..................................................................विद्यालय ......................... दैलेखको विमहि / सदस्य .स.व्य.ला सदस्य पदमा छनौटका लागि उम्मेदवार हुन मेरो मनोनयनपत्र दाखिला भई मितिमा ....................... प्रकाशित उम्मेदवारीको नामावलीमा मेरो नाम समावेश भएकोमा सो निर्वाचनमा उम्मेदवार हाल मलाई इच्छा नभएकोले आफ्नो राजीखुसीले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि,२०८० को नियम २२ को उपनियम (१) बमोजिम मेरो नाम फिर्ता लिएको सूचना गर्दछु ।

सही : मिति :

नाम : ठेगाना :

(संयोजकले गर्ने निर्णय)

यो सुचना मिति..............................को दिन बजे मेरो समक्ष दाखिला भएको यस सूचनाको व्यहोराको सत्यतामा म . सन्तुष्ट नहटाउने निर्णय गरे । / असन्तुष्ट भएकोले श्री को नाम निजको उम्मेदवारको नामावलीबाट हटाउने /

संयोजकको सही :

नाम :

मिति :

समय :

अनुसूची ११

नियम)२२ को उपनियम २ सँग सम्बन्धित(

<u>उम्मेदवारको नामावलीबाट नाम हटाइएको सूचना</u>

श्री........................................................महिला सदस्य पदमा /विद्यालयको व्यवस्थापन समितिको सदस्य .. छनौटका

लागि उम्मेदवार हुन मनोनयन पत्र दाखिला भई उम्मेदवार भएको निम्नलिखित व्यक्तिहरुले उम्मेदवारको नामबाट आफ्नो नाम फिर्ता लिएको हुँनाले निजको नाम उम्मेदवारको नामावलीबाट हटाईएकाले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धि कार्यविधि, २०८० को नियम २२ को उपनियम बमोजिम यो सूचना (२) प्रकाशित गरिएको छ ।

| क्र. स. | नाम थर | पितापतिको नाम/ | उमेर | लिङ्ग | ठेगाना | आफ्नो विद्यार्थीको नाम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मिति.................................

संयोजकको सहि........................

समय–.........................

स्थान.................................

अनुसूची १२

नियम)२३ सँग सम्बन्धित (

उम्मेदवारको अन्तिम नामावली प्रकाशन

श्री.............................................................विद्यालय...................................दैलेखको विद्यालय व्यवस्थापन समितिको सदस्य महिला सदस्य / पदमा छनौट हुनका लागि उम्मेदवार हुन मनोनयनपत्रहरुको दाखिला भई उम्मेदवार भएका व्यक्तिहरु मध्ये विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि २०८० को नियम २३ बमोजिम कायम रहेका उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गरिएको छ ।

| क्र.सं. | मनोनयनपत्र दर्ता नं. | पद | उम्मेदवारको नामथर वर्णानुक्रमानुसार | स्थायी ठेगाना | पिता वा पतिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मिति–.........................................

समय–...................................... संयोजकको सही......................................

स्थान.........................................

अनुसूची १३

२ नियम)६ को उपनियम १ सँग सम्बन्धित(

<u>निर्विरोध निर्वाचित भएको घोषणा</u>

श्री.................................................................विद्यालय...................दैलेखको विद्यालय व्यवस्थापन समिति सदस्य / महिला सदस्य पदमा छनौट हुनका लागि उम्मेदवार हुन मनोनयनपत्रहरुको दालि भएको निम्नलिखित व्यक्ति चारजना मात्र उम्मेदवार कायम भएकोले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८० को नियम २९ बमोजिम निज उम्मेदवारहरू निर्विरोध निर्वाचित भएको घोषणा गर्दछु ।

| क्र.सं. | नामथर | ठेगाना | लिङ्ग | विद्यार्थी | नाता | कक्षा |
|---|---|---|---|---|---|---|
| 1 | | | | | | |
| 2 | | | | | | |
| 3 | | | | | | |
| 4 | | | | | | |

संयोजकको सही

अनुसूची १४

नियम)२७ सँग सम्बन्धित (

<u>प्रमाणपत्र-</u>

दैलेख जिल्ला दुल्लू नगरपालिका वडा नं ........... बस्ने श्री.....................................विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य छनौट कार्यविधि २०८० बमोजिम मिति...................... मा भएको निर्वाचनमा श्री.........................................................................दैलेखको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष / सदस्य / महिला सदस्य पदमाछनौट भएको प्रमाणित गर्दछु र यो प्रमाणपत्र प्रदान गर्दछु ।

संयोजकको सहीः.....................................

नाम थर :.............................................

मिति.................................................

अनुसूची १५
नियम)२८ सँग सम्बन्धित(
<u>शपथ ग्रहण फाराम</u>

म........................................................ईश्वरका नाममा सत्य निष्ठासाथ शपथ लिन्छु कि विद्यालय व्यवस्थापन समितिको सदस्यको हैसियतले मलाई ठेकिएको काम मेरो ज्ञान विवेकले जाने सम्म इमान, धर्म तथा कर्तव्य सम्झी समुदायविद्यार्थी र अभिभावक प्रति , वफादार रही भय, पक्षपात वा द्वयस नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६तथा प्रचलित कानूनको (संशोधन सहित) अधीनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु । मलाई ज्ञात हुन आएको कुनै कुरा तोकिएको सम्बन्धित व्यक्तिलाई बाहेक अरु कसैलाई भन्ने वा संकेत गर्ने छैन ।

| <u>शपथग्रहण गराउने</u> | <u>शपथग्रहण गर्ने</u> |
|---|---|
| सहीःसही | : |
| नामःनाम | : |
| पदः | पदः |
| मिति : | मितिः |



**आज्ञाले**
**ज्ञानमणि नेपाल**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०८०/०१/११**